# नेपाल जग्गा तथा आवास विकास महासंघको विधान, २०७९
# (Nepal Land and Housing Developers' Federation 2022)

**प्रस्तावना**

जग्गा तथा आवास सम्बन्धी संघ संस्थाहरुको एकता, हक, अधिकार, हित संरक्षण र संगठित प्रयास एवं राष्ट्रिय प्रतिनिधित्व गर्दै यस क्षेत्रमा संस्थागतमूल्य मान्यता स्थापित गरी वैज्ञानिक र व्यवस्थित शहरी एवं बस्ती विकासको माध्यमद्वारा नेपाललाई सुन्दर मुलुकको रुपमा परिचित गर्न र मुलुकको अर्थतन्त्रलाई सुदृढ गर्नका लागि आवश्यक कार्य गर्ने मूल अभिप्रायले सशक्त एवं सबल छाता संस्थाको रुपमा संस्था दर्ता ऐन, २०३४ बमोजिम "नेपाल जग्गा तथा आवास विकास महासंघ" को स्थापना गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस विधानको नाम **नेपाल जग्गा तथा आवास विकास महासंघको** विधान, २०७९ रहेको छ । अंग्रेजीमा "Nepal Land and Housing Developers' Federation (NLHDF)" भनिनेछ ।

(२) यो विधान नेपाल सरकारको सम्बन्धित कार्यालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. संगठित संस्था मानिने**

(१) यो संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र मुनाफारहित संगठित संस्था हुनेछ । यो संस्थाको सबै कामको निमित्त अनुसूची-१ मा उल्लेख भए बमोजिम आफ्नो एउटा छुट्टै चिन्ह (logo) तथा छाप हुनेछ ।

(२) यो संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न र उपभोग गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र यसउपर पनि सोही नामबाट नालिस लाग्नेछ ।

**३. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :–

(क) "महासंघ" भन्नाले यस विधान बमोजिम गठित महासंघ सम्झनु पर्छ ।

(ख) "संस्था" भन्नाले नेपाल जग्गा तथा आवास विकास महासंघ सम्झनु पर्छ ।

(ग) "विधान" भन्नाले नेपाल सरकार जिल्ला प्रशासन कार्यालय काठमाडौमा दर्ता भएको "**नेपाल जग्गा तथा आवास विकास महासंघको विधान, २०७९**" सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले यस विधान अर्न्तगत महासंघको सदस्यता प्राप्त गरेको संघ, संस्था वा व्यक्ति सम्झनु पर्छ ।

(ङ) "पदाधिकारी" भन्नाले महासंघका अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष सम्झनु पर्छ ।

(च) "कार्य समिति" भन्नाले महासंघको विधान बमोजिम निर्वाचित, पदेन तथा मनोनीत सदस्यहरू सहितको केन्द्रिय कार्य समिति सम्झनु पर्छ ।

(छ) "कार्य समिति सदस्य" भन्नाले विधान बमोजिम महासंघको कार्य समितिका सदस्य सम्झनु पर्छ ।

(ज) "जिल्ला संघ" भन्नाले जिल्लास्तरमा स्थापित नेपाल जग्गा तथा आवास विकास जिल्ला संघ सम्झनु पर्छ ।

(झ) "संस्थापक सदस्य" भन्नाले महासंघ दर्ता हुँदाका अवस्थामा अनुसूची-२ मा उल्लेख भएका जिल्ला संघहरु सम्झनु पर्छ ।

(ञ) "प्रतिनिधि" भन्नाले महासंघ कार्य समितिका सबै सदस्य, महासंघका संस्थापक तथा आजीवन सदस्यहरु मध्येबाट मनोनीत प्रतिनिधि र जिल्ला संघबाट महासभामा प्रतिनिधित्व गर्ने प्रतिनिधि सम्झनु पर्छ ।

(ट) "सभासद्" भन्नाले दफा १० को उपदफा (२) बमोजिम महासभामा प्रतिनिधि भई आउने सभासद् सम्झनु पर्छ ।

(ठ) "महाधिवेशन" भन्नाले महासभाको बैठक सम्झनु पर्छ ।

(ड) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आषाढ मसान्तसम्मको एक वर्षको अवधि सम्झनु पर्छ ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस विधान बमोजिम बनेको विनियमावलीमा तोकिएको वा कार्य समितिले तोके बमोजिम सम्झनु पर्छ ।

**४. महांसघको कार्यालय**

महांसघको मुख्य कार्यालय का.म.पा. वडा नं. ११ सुन्धारा, काठमाण्डौंमा रहनेछ । स्थानीय अधिकारीको स्वीकृति लिई जिल्लाहरूमा संघ तथा शाखा कार्यालयहरु खोल्न सकिनेछ ।

## परिच्छेद –२
## उद्देश्य तथा कार्यहरू

**५. उद्देश्य तथा कार्यहरु**

(१) संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) नेपाल राज्यभित्र संयुक्त आवास, आवास ईकाइ (अपार्टमेण्ट), घर-घडेरी जग्गा (रियलस्टेट) को कारोबार तथा विकासको काममा संलग्न व्यक्ति, फर्म वा कम्पनी र सोसँग सम्बन्धित उपभोक्ताहरुको हक हितको संरक्षण गर्ने, गराउने ।

(ख) राष्ट्रिय आवश्यकता र बदलिँदो परिस्थिति अनुसार जग्गा तथा आवास विकासको काममा बढी व्यापकता ल्याई मुलुकमा जग्गा तथा आवास विकास गर्ने संघ संस्थालाई सुव्यवस्थित एवं सुदृढ पार्दै वैज्ञानिक किसिमले यस क्षेत्रको विकास गरी राष्ट्रको अर्थतन्त्रलाई दरिलो पार्ने काममा ठोस योगदान पुर्‍याउने ।

(ग) नेपाल राज्यभित्र जग्गा तथा आवास विकास सम्बन्धी व्यवसायमा संलग्न व्यवसायीहरुको हक हितको संरक्षण तथा प्रवर्द्धन गर्ने ।

(घ) जग्गा तथा आवास विकास सम्बन्धी नीति तथा कानून निर्माणका विषयमा नेपाल सरकार तथा सम्बन्धित सरकारी निकायहरुबाट माग भए बमोजिम राय सुझाव तथा परामर्श दिने ।

(२) आफ्नो उद्देश्य प्राप्तिका लागि संस्थाले देहाय कार्यहरु गर्नेछ :-

(क) जग्गा तथा आवास विकास सम्बन्धी उपयोगी नीति तथा कानून निर्माण तथा सुधारका लागि पहल गर्ने ।

(ख) अस्वस्थकर, अवैज्ञानिक वा हचुवा तवरले घरहरु निर्माण हुन नदिई व्यवस्थित सहरी एवं बस्ती विकास गर्ने कार्यमा नेपाल सरकार तथा सम्बन्धित सरकारी निकायहरुलाई सहयोग गर्ने ।

(ग) कम्पनी, फर्म वा व्यक्तिद्वारा बिक्री भएका वा हुने घर जग्गा खरिदकर्ताको लागि सुरक्षा तथा विश्वासको वातावरण सिर्जना गर्ने ।

(घ) नेपाल सरकारको सम्बन्धित निकायको जग्गा विकास तथा आवास प्रवन्ध सम्बन्धी योजनाहरुमा समन्वय गर्न सक्रिय रही त्यस्ता निकायहरुमा प्रतिनिधित्व गर्न पहल गर्ने ।

(ङ) मुलुकभर जग्गा तथा आवास विकास सम्बन्धी आवश्यक योजना निर्माण गरी लागु गराउन नेपाल सरकारसँग पहल गर्ने ।

(ञ) वातावरण संरक्षण तथा सम्बर्द्धन गर्ने गरी कुनै सदस्यले जग्गा तथा आवास विकास र जनता आवास जस्ता कुनै योजना लागु गर्ने भएमा त्यस्ता योजनालाई विशेष सुविधा दिन नेपाल सरकारको सम्बन्धित निकायहरुमा सिफारिश गर्ने ।

(ट) स्वदेश तथा विदेशमा आयोजना हुने जग्गा तथा आवास विकास सम्बन्धी तालिम, गोष्ठी आदिमा भाग लिन नेपाल सरकारसँग अनुरोध गर्ने, सहयोग गर्ने र सरकारको सहकार्यमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्ने ।

(ठ) सर्वसाधारणसमक्ष संस्थाको गतिविधि तथा क्रियाकलापका सम्बन्धमा प्रचार प्रसार गर्न सम्बन्धित स्थानीय अधिकारीको स्वीकृति लिई घरजग्गा मेला तथा प्रदर्शनीको आयोजना गर्ने, गराउने ।

(ड) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जग्गा तथा आवास विकास संघ लगायतका अन्य संघसंस्थाहरुसँग सम्बन्ध स्थापित गरी सहकार्य एवं सहयोगको आदान प्रदान गर्ने ।

(ढ) संस्थाका सदस्यहरुको माग बमोजिम बैंक तथा वित्तीय संस्थाहरुद्वारा रियल इस्टेट क्षेत्रमा गरिने कर्जा प्रवाहमा सरलीकरणका लागि आवश्यक सिफारिस गर्ने ।

(ण) संस्थाको तर्फबाट आवश्यकतानुसार मुद्दा दायर गर्ने र संस्था विरुद्ध परेका मुद्दाहरुमा प्रतिरक्षा र प्रतिवाद गर्ने, मेलमिलाप गर्ने ।

(त) संस्थाको लागि सल्लाहकार तथा आवश्यक कर्मचारी नियुक्ति गर्ने र आवश्यकता अनुसार विशेषज्ञको सेवा प्राप्त गर्ने ।

(थ) रियलस्टेट व्यवसायमार्फत् वा यस्ता व्यवसायसित सहकार्य कार्य गरी व्यवस्थित शहरीकरण तथा बस्ती विकासको क्षेत्रमा योगदान पुऱ्याउने व्यक्ति, फर्म, कम्पनी तथा संघ संस्थालाई पुरष्कृत गर्ने वा सोको लागि सम्बन्धित निकायमा सिफारिश गर्ने ।

(द) संस्थाको उद्देश्य हासिल गर्नको निमित्त आवश्यक पर्ने अन्य जुनसुकै कार्यहरु गर्ने ।

## परिच्छेद -३
## <u>सदस्यता</u>

६. **<u>सदस्यताको वर्गीकरणः-</u>** महासंघको सदस्यताको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) आजीवन सदस्यहरूः

(१) जिल्ला संघ

(२) संस्थापक सदस्य

(३) सम्बद्ध आजीवन सदस्य

(ख) साधारण सदस्य

(ग) सम्बद्ध (एसोसियट) सदस्य

(घ) विशिष्ट सदस्य

(ङ) सहयोगी सदस्य

(च) मानार्थ सदस्य

(छ) सूचीकृत सदस्य

७. **<u>सदस्यता शुःल्क र सदस्यता प्रदान गर्ने विधि</u>**

(१) सदस्यता प्रदान गर्ने विधि देहाय बमोजिम हुनेछ :-

(क) **जिल्ला संघः** जिल्ला संघ सम्बन्धित जिल्लामा विधिवत्‌रुपमा दर्ता भएको हुनु पर्नेछ र यसले महासंघको सदस्यता प्राप्त गर्न कार्य समितिले तोकेको शुःल्क बुझाई आजीवन सदस्यता लिनु पर्नेछ ।

(ख) **संस्थापक सदस्यः** महासंघ दर्ता हुँदाका बखत यस विधानमा हस्ताक्षर गर्ने संघहरु महासंघको संस्थापक सदस्य हुनेछन् । यस्ता संस्थापक सदस्यले महासंघ दर्ता भएको मितिले ६ महिनाभित्र कार्य समितिले तोकेको शुःल्क बुझाई महासंघको आजीवन सदस्यता लिनु पर्नेछ ।

(ग) **सम्बद्ध आजीवन सदस्यः** यस अन्तर्गत निम्न दुई प्रकारका सदस्यहरु हुनेछन् :-

(१) महासंघको स्थापना हुनुभन्दा अगाडि नेपाल जग्गा तथा आवास विकास संघ, सुन्धारा, काठमाडौंको आजीवन सदस्यता लिएका सबै आजीवन सदस्यहरू ।

तर यस्ता आजीवन सदस्यले महासंघ दर्ता भएको मितिले ६ महिनाभित्र महासंघसमक्ष करचुक्ता तथा कम्पनी नवीकरण प्रमाणपत्र पेश गर्नु पर्नेछ । यसरी कर चुक्ता तथा नवीकरण प्रमाणपत्र पेश नगर्ने सदस्यलाई मताधिकार प्राप्त हुने छैन ।

(२) महासंघ दर्ता भएपछि संस्थाको विधान बमोजिमको मापदण्ड पूरा गरी कार्य समितिले तोकेको शुःल्क बुझाई आजीवन सदस्यता प्राप्त गर्ने रियल इस्टेट कम्पनीहरु ।

(घ) **साधारण सदस्यः** महासंघको स्थापना हुनुभन्दा अगाडि नेपाल जग्गा तथा आवास विकास संघ, सुन्धारा, काठमाडौंको साधारण सदस्यता लिएका रियल इस्टेट कम्पनीहरु स्वतः महासंघको साधारण सदस्य हुनेछन् ।

तर यस्ता साधारण सदस्यले महासंघ दर्ता भएको मितिले ६ महिनाभित्र महासंघसमक्ष करचुक्ता तथा कम्पनी नवीकरण प्रमाणपत्र पेश गरी महासंघको

कार्य समितिले तोकेको शुःल्क बुझाई आजीवन सदस्यता लिनु पर्नेछ । यसरी आजीवन सदस्यता नलिनेको सदस्यता स्वतः अमान्य हुनेछ ।

(ङ) **सम्बद्ध (एसोसियट) सदस्य :** विधिवतरूपमा दर्ता भएका घर (हाउजिङ्ग), जग्गा ( ल्याण्ड) र सेवा क्षेत्र (सर्भिस सेक्टर) सँग सम्बन्धित संघ संस्थालाई कार्य समितिले तोकेको शुःल्क लिई एसोसियट सदस्यता प्रदान गर्न सक्नेछ । यसरी एसोसियट सदस्यता प्राप्त गर्ने संघ संस्थाहरुले चाहेमा कार्य समितिले तोकेको शुःल्क बुझाई आजीवन सदस्यता समेत प्राप्त गर्न सक्नेछन् ।

**स्पष्टीकरण**: "हाउजिङ्ग एसोशिएसन" भन्नाले विल्डर्स एसोशिएसन, हाईराईज विल्डर्स एसोशिएसन, मल्स एसोशिएसन लगायतका हाउजिङ्ग एसोशियन सम्झनु पर्छ । "सेवा क्षेत्र" भन्नाले ब्रोकर्स एसोशिएसन, भ्यालुएटरस् एसोशिएसन, ईन्जिनियर्स एसोशिएसन, अन्लाईन ब्रोकर्स एसोशिएसन, लिजर्स एसोशिएसन, सर्भेयर्स एसोशिएसन, स्टार्टा म्यानेज्मेण्ट एसोशिएसन लगायतका सेवा क्षेत्रसँग सम्बन्धित संघ संस्था सम्झनुपर्छ ।

(ङ) **विशिष्ट सदस्यः** महासंघका पूर्व अध्यक्षहरु विशिष्ट सदस्य हुनेछन् । विशिष्ट सदस्यलाई मताधिकार प्राप्त हुनेछ । तर त्यस्तो सदस्यले निर्वाचनमा उम्मेद्वार हुन पाउने छैन ।

(च) **सहयोगी सदस्य :** कुनै न कुनै रूपबाट सहयोग गर्न चाहने सरकारी तथा गैरसरकारी सरोकारवाला संघ संस्थालाई कार्य समितिले तोकेको शुःल्क लिई सहयोगी सदस्यता प्रदान गर्न सक्नेछ ।

तर सहयोगी सदस्यलाई मताधिकार प्राप्त हुने छैन ।

(छ) **मानार्थ सदस्यः** महासंघको आधारभूत सिद्धान्त र उद्देश्य अनुरूप तन, मन, धन र बुद्धिले विशिष्ट सेवा वा योगदान गर्ने व्यक्ति वा संस्थालाई निजको विशेष योगदानको कदर स्वरूप कार्य समितिले महासंघको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । उक्त सदस्यहरूको अनुमोदन महासभाले गर्नु पर्नेछ । मानार्थ सदस्यहरूको मताधिकार भने रहने छैन ।

(ज) **सूचीकृत सदस्यः** महासंघसँग सहकार्य गर्न चाहने कुनै सरोकारवाला व्यक्ति तथा संघ संस्थालाई कार्य समितिले तोकेको शुःल्क लिई सूचीकृत सदस्यता प्रदान गर्न सक्नेछ । यसरी सूचीकृत भएका सदस्यलाई महासंघले लोगो र प्रमाणपत्र दिनेछ ।

तर सूचीकृत सदस्यलाई मताधिकार प्राप्त हुने छैन ।

(२) उपदफा (१) बमोजिम सदस्यता प्रदान गर्दा आवश्यक पर्ने आधारहरु कार्य समितिले तोके बमोजिम हुनेछ ।

(३) महासंघको सदस्यताको निमित्त प्राप्त हुन आएका निवेदनउपर विचार गरी कार्य समितिले संस्थाको सर्वोत्तम हितलाई ध्यानमा राख्दै कुनै व्यक्ति वा संस्थालाई संस्थाको सदस्यता दिने वा नदिने निर्णय गर्न सक्नेछ ।

## ८. सदस्यता शुःल्क सम्बन्धी व्यवस्था

(१) जिल्ला संघले उठाएको साधारण तथा आजीवन सदस्यता र नवीकरण शुःल्कको १० प्रतिशतका दरले हुन आउने रकम वार्षिकरूपमा महासंघलाई बुझाउनु पर्नेछ ।

(२) सदस्यता शुःल्कमा कार्य समितिले समयानुकूल हेरफेर गर्न सक्नेछ ।

## ९. सदस्यको योग्यता

संस्थाको सदस्य हुनका लागि कम्तीमा दुई संस्थापक आजीवन सदस्यहरुको सिफारिशसहित देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) जिल्ला संघले जिल्लामा विधिवत दर्ता भई वार्षिकरुपमा नवीकरण गराईरहेको, लेखा परीक्षण गराईरहेको र नियमितरूपमा जिल्ला सभा गराई कार्य समितिको नियमित निर्वाचन गराईरहेको हुनुपर्ने ।

(ख) रियल ईस्टेट कम्पनीको हकमा नेपाल सरकारको कुनै निकायबाट अनुमति प्राप्त कम्पनीको रुपमा कार्य सञ्चालन गरिरहेको, वार्षिकरुपमा नवीकरण भएको र कालो सूचीमा नपरेको हुनुपर्ने ।

(ग) सम्बद्ध (एसोसियट) सदस्यहरूको हकमा विधिवत दर्ता भई वार्षिकरुपमा नवीकरण गराईरहेको हुनुपर्ने ।

# परिच्छेद -४

# महासभा

## १०. महासभाको गठन र अन्य व्यवस्था

(१) महासभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ ।

(२) महासभामा देहाय बमोजिम सभासद् हुनेछन् ।

(क) कार्य समितिका पदाधिकारी तथा सदस्यहरु १९ जना ।

(ख) सबै संस्थापक तथा आजीवन सदस्यहरु ।

(ग) प्रत्येक जिल्ला संघबाट निर्वाचित अध्यक्ष १–१ जना गरी जम्मा ७७ जना ।

(घ) विशिष्ट सदस्य सबै ।

(३) उपदफा (२) बमोजिमका सभासद्हरूले कार्य समितिको लागि मतदान गर्न र उम्मेद्वार हुन पाउनेछन् ।

(४) महासभा प्रत्येक आर्थिक वर्ष समाप्त भएको साधारणतया ६ महिनाभित्र कार्य समितिले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) महासभा बस्ने सम्बन्धी सूचना सबै सदस्यले प्राप्त गर्ने गरी कम्तीमा २१ दिन अगाडि नै कार्य समितिले जानकारी गराउनु पर्नेछ ।

(६) महासभाको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछ ।

(७) कार्य समितिको बहुमतले निर्णय गरेमा वा महासभाका १/३ (एक तिहाई) सदस्यहरूले लिखित माग गरेमा त्यस्तो निर्णय वा माग भएको मितिले १५ दिनभित्र विशेष महासभा बोलाउनु पर्नेछ ।

(८) हरेक तेस्रो बर्ष बस्ने महासभाले नियमित कामको अतिरिक्त महासंघको केन्द्रीय कार्य समितिको निर्वाचन समेत गर्नेछ ।

(९) महासभाको गणपूरक संख्या उपस्थित सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ । पहिलो पटक गणपूरक संख्या नपुगेमा दोस्रो पटक एक तिहाई संख्यालाई गणपूरक संख्या मानिनेछ । दोस्रो पटकमा समेत गणपूरक संख्या नपुगेमा तेस्रो पटक जतिसुकै संख्या रहेको भए तापनि त्यसैलाई गणपूरक संख्या पुगेको मानिनेछ ।

तर पहिलो महासभाका लागि महासभामा उपस्थित संस्थापक सदस्यहरुको सामान्य बहुमतलाई नै गणपूरक संख्या पुगेको मानिनेछ ।

## ११. महासभाको काम, कर्तव्य र अधिकार

(१) महासभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) महासभाले कार्य समितिद्वारा अनुमोदनको लागि प्रस्तुत गरिने वार्षिक प्रतिवेदन, आगामी वर्षको कार्यक्रम, विगत आर्थिक वर्षको आर्थिक र लेखापरीक्षण प्रतिवेदन एवं आम्दानी खर्चको अनुमान, नीति, आदिमा छलफल गरी आवश्यक निर्णय गर्नेछ ।

(ख) कार्य समितिको सिफारिसमा मानार्थ सदस्यता प्रदान गर्ने ।

(ग) विधान संशोधन गर्ने ।

(घ) कार्य समितिको निर्वाचन गर्ने ।

(ङ) अविश्वासको प्रस्ताव उपर निर्णय दिने ।

(च) आफुसँग आबद्ध संघ, संस्थालाई नीति निर्देशन दिने, मूल्याङ्कन र अनुगमन गर्ने ।

(२) विशेष महासभा जुन विषयको सम्बन्धमा बोलाईएको हो सोही विषयमा सीमित रही छलफल र निर्णय गरिनेछ ।

(३) महासभामा प्रस्तुत विषयमा विधानमा अन्यथा व्यवस्था भएमा बाहेक उपस्थित सदस्य संख्याको सामान्य बहुमतद्वारा निर्णय गरिनेछ ।

# परिच्छेद -५
# कार्य समिति

## १२. कार्य समितिको गठन र कार्याविधि

(१) कार्य समितिमा देहाय बमोजिमका निर्वाचित र मनोनीत सदस्यहरू रहनेछन्:

अध्यक्ष.....................................................................................१
निवर्तमान अध्यक्ष (पदेन सदस्य)..........................................................१
बरिष्ठ उपाध्यक्ष...........................................................................१
उपाध्यक्ष...................................................................................३
(खुलारुपमा निर्वाचित २ र जिल्ला संघहरुबाट
प्रतिनिधित्व गर्ने प्रतिनिधिहरुमध्ये बाट कार्य समितिद्वारा
निर्वाचित १)
महासचिव...................................................................................१
सचिव......................................................................................१
कोषाध्यक्ष..................................................................................१

निर्वाचित सदस्य............................................................................२
सात प्रदेशबाट एक-एक जनाको प्रतिनिधित्व हुनेगरी
सम्बन्धित प्रदेशका जिल्ला संघहरुबाट निर्वाचित सदस्य...................७ (उपाध्यक्ष १ समेत)
कार्य समितिले महासंघलाई महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने
लब्धप्रतिष्ठित व्यक्तिहरु मध्येबाट मनोनीत सदस्य................................२

**जम्मा - १९ सदस्य**

(२) विधानको दफा २२ बमोजिम गठित निर्वाचन समितिले महासभामा मताधिकार प्राप्त सभासद्हरू मध्येबाट स्वतन्त्र एवं निष्पक्ष निर्वाचन प्रक्रियाद्वारा अध्यक्ष १, बरिष्ठ उपाध्यक्ष १, उपाध्यक्ष २, महासचिव १, सचिव १, कोषाध्यक्ष १ र सदस्य २ सहित ९ जना कार्य समितिका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्नेछन् ।

(३) कार्य समितिको कार्यकाल २ वर्षको हुनेछ र कार्य समिति महासभाप्रति उत्तरदायी रहनेछ ।

(४) कार्य समितिको अध्यक्ष एक कार्यावधिका लागि मात्र उम्मेदवार हुन पाउनेछ ।

(५) महासंघको पदाधिकारी वा सदस्यको रुपमा कम्तीमा एक कार्यावधि कार्य गरेको व्यक्तिले मात्र महासंघको अध्यक्ष पदमा उमेद्वारी दिन सक्नेछ ।

तर पहिलो पटक महासंघको कार्य समिति गठन हुँदा यो उपदफा लागू हुने छैन ।

## १३. कार्य समितिको सदस्यताको समाप्ति तथा रिक्त पदपूर्ति

(१) देहायका अवस्थामा कार्य समितिको पदाधिकारी वा सदस्यको पदावधि समाप्त हुनेछ :

(क) लिखित राजीनामा स्वीकृत भएमा,

(ख) महासंघको सदस्यता नरहेमा वा

(ग) महासभाले अविश्वासको प्रस्ताव पारित गरी हटाएमा ।

तर त्यस्तो पदाधिकारी वा सदस्यलाई स्पष्टीकरण पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(२) उपदफा (१) बमोजिम कुनै पदाधिकारी वा सदस्यको पद रिक्त हुन आएमा कार्य समितिले मनोनयनद्वारा पदपूर्ति गर्नेछ । त्यसरी मनोनीत हुने पदाधिकारी वा सदस्यको मनोनयन सो लगत्तैको वार्षिक महासभाद्वारा अनुमोदन गराउनु पर्नेछ ।

तर अध्यक्षको पद रिक्त हुन आएमा कार्य समितिले संस्थाको वार्षिक महासभा नभएसम्म बरिष्ठ उपाध्यक्षलाई नै अध्यक्ष मनोनयन गर्नु पर्नेछ ।

(३) महासभाले उपदफा (२) बमोजिम कार्य समितिबाट भएको मनोनयनलाई अनुमोदन गरी जुन पदाधिकारी वा सदस्यको पद रिक्त भई मनोनयन भएको हो सो पदको बाँकी अवधि सम्मका लागि कायम राख्न वा निर्वाचनद्वारा नै त्यस्तो रिक्त पद पूर्ति गर्न सक्नेछ ।

## १४. कार्य समितिको बैठक

(१) कार्य समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । एक आर्थिक वर्षमा कम्तीमा ६ पटक कार्य समितिको बैठक बस्नु पर्नेछ । तर दुई बैठकको बीचमा तीन महिना भन्दा बढीको अन्तर हुने छैन ।

(२) कार्य समितिको बैठक अध्यक्षको निर्देशनमा महासचिवले बोलाउनेछ ।

(३) कार्य समितिको बैठकको लागि गणपूरक संख्या ५१ प्रतिशत हुनु पर्नेछ ।

(४) कार्य समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा कार्यबाहक अध्यक्षले अध्यक्षता गर्नेछ । निजहरुको अनुपस्थितिमा बरिष्ठ उपाध्यक्षले, बरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा जेष्ठ उपाध्यक्षले र उपाध्यक्षहरुको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले छानेको वा ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(५) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(६) कार्य समितिले बैठकमा छलफल हुने विषयमा राय सुझाव लिनको लागि कुनै पनि व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ । तर त्यस्तो आमन्त्रित व्यक्तिलाई कार्य समितिको बैठकमा मत दिने अधिकार हुने छैन ।

(७) कार्य समितिको बैठकमा छलफल भएको विषयहरूको निर्णय छुट्टै निर्णय पुस्तिकामा लेख्नु पर्नेछ । सो निर्णय अध्यक्ष र महासचिवले प्रमाणित गर्नेछन् । निर्णयमा असहमति जनाउनेले कैफियत खोली दस्तखत गर्न सक्नेछ ।

(८) कार्य समितिले आवश्यकता अनुसार आफ्नो केही अधिकार कुनै समिति, उप-समिति वा सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## १५. कार्य समितिको काम, कर्तव्य र अधिकार

कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) महासंघलाई सुचारुरूपले सञ्चालन गर्न, गराउन आवश्यक प्रवन्ध गर्ने ।

(ख) महासंघको नाममा चल-अचल सम्पत्ति खरिद गर्ने, प्राप्त गर्ने, हासिल गर्ने, धारण गर्ने, महासभाको स्वीकृतिमा हक छाड्ने, बहालमा लिने-दिने, संरक्षण सर्वधन गर्ने लगायतका अन्य आवश्यक कार्य गर्ने, गराउने ।

(ग) आवश्यकता अनुसार समिति, उप-समिति, कार्यदल आदि गठन तथा पुनर्गठन गर्ने र सल्लाहकार नियुक्त गर्ने ।

(घ) महासंघको कोषको संरक्षण र कार्य सञ्चालनको लागि स्थानीय बैंकमा आवश्यकता अनुसार खाताहरू खोल्ने, सञ्चालन गर्ने वा बन्द गर्ने ।

(ङ) विधान बमोजिम महासंघको सदस्यता प्रदान गर्ने ।

(च) महासभाको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(छ) महासंघको लक्ष्य र उद्देश्य पूरा गर्न वार्षिक, मध्यकालीन र दीर्घकालीन योजना बनाई कार्यान्वयन, मूल्याङ्कन र अनुगमन गर्ने ।

(ज) महासंघका क्रियाकलापहरूलाई लिपिबद्ध गरी अभिलेख राख्ने र राख्न लगाउने ।

(झ) महासभामा महासंघको वार्षिक प्रगति प्रतिवेदन, आगामी वर्षको कार्यक्रम, आर्थिक प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन तथा आगामी वर्षको आय-व्यय अनुमानित ( बजेट) पेश गर्न लगाउने ।

(ञ) लेखापरीक्षण गराउने, लेखा तथा अन्य अभिलेखहरू दुरुस्त राख्ने, राख्न लगाउने ।

(ट) महासभामा पेश गरिने प्रस्ताव तथा अभिलेखहरू तयार गरी पेश गर्ने ।

(ठ) महासंघको परियोजना, कार्यक्रम तथा त्यससँग सम्बन्धित एकाईहरूको निरीक्षण गर्ने तथा त्यस्ता कार्यक्रम सम्बन्धमा निर्देशन दिने तथा नियमित सञ्चालनको लागि आवश्यक प्रवन्ध तथा सहयोग गर्ने, गराउने ।

(ड) महासंघको कुनै सदस्य वा पदाधिकारीउपर लागेको अभियोग छानबिन गराई सोको प्रतिवेदन महासभामा निर्णयार्थ पेश गर्ने ।

(ढ) कार्य समितिको निर्वाचन मिति तोक्ने र सभाद्वारा निर्वाचन गराउने ।

(ण) कार्य समितिको अवधि बाँकी छँदै कुनै पदाधिकारीको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि कार्य समितिको सदस्यहरू मध्येबाट मनोनयन गरी पदपूर्ति गर्ने र त्यसपछि बस्ने महासभालाई जानकारी गराउने ।

(त) कार्य समितिको कार्यावधि बाँकी छँदै अध्यक्षको पद खाली हुने भएमा आगामी महासभाद्वारा निर्वाचन गराई पदपूर्ति गर्ने ।

(थ) सरकारी, गैरसरकारी तथा कुनै अन्य निकायसँग आवश्यकता अनुसार साझेदारी, सहकार्य र सम्पर्क कायम गरी सम्बन्ध स्थापित गर्ने ।

**१६. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार**

**(१) अध्यक्षः**

अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) महासंघको प्रमुख पदाधिकारीको हैसियतले कार्य गरी संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

(ख) महासभा वा कार्य समितिको बैठकको अध्यक्षता गर्ने र कुनै विषयमा मत बरावर हुन आएमा निर्णायक मत दिने ।

(ग) महासंघको चल, अचल सम्पत्तिको संरक्षण, सुपरीवेक्षण तथा रेखदेख लगायतका कार्यहरू गर्ने, गराउने ।

(ङ) विधान अनुसार मनोनयन गर्नुपर्ने पदहरूमा आवश्यकता अनुसार मनोनयन गर्ने ।

(च) महासंघको तर्फबाट प्रतिनिधित्व गर्ने, गराउने ।

(छ) आफ्नो अनुपस्थितिमा, संस्थाको कामलाई निरन्तरता दिनको लागि बरिष्ठ उपाध्यक्षलाई कार्यवाहक अध्यक्ष तोक्ने ।

(ज) महासंघको हित हुने अन्य कार्यहरू गर्ने, गराउने ।

**(२) बरिष्ठ उपाध्यक्षः**

बरिष्ठ उपाध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) अध्यक्षको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने ।

(ख) अध्यक्ष तथा कार्य समितिप्रति उत्तरदायी हुने ।

(ग) महासंघको कामको समन्वय गर्ने ।

(घ) महासभा, कार्य समिति र अध्यक्षले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

**(३) उपाध्यक्षः**

उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) अध्यक्ष तथा बरिष्ठ उपाध्यक्षलाई सहयोग पुऱ्याउने, निजहरुले लिखितरूपमा प्रत्यायोजन गरे बमोजिमका कार्य गर्ने ।

(ख) अध्यक्षको अनुपस्थितिमा तोकिएको उपाध्यक्षले निजका सबै कार्य, अधिकार प्रयोग गर्ने र कर्तव्य पालन गर्ने ।

(ग) संस्थाको कार्य प्रगतिको लेखाजोखा गरी कार्य समितिलाई अवगत गराउने ।

(घ) महासभा, कार्य समिति र अध्यक्षले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

**(४) महासचिवः**

महासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) महासंघको सचिवालयको रेखदेख र सञ्चालन गर्ने तथा कार्य समितिले सुम्पेको जिम्मेवारी पूरा गर्ने, गराउने ।

(ख) महासंघको उद्देश्य पूर्तिको लागि आवश्यक नीति तर्जुमा गर्ने ।

(ग) महासंघको सम्पूर्ण अभिलेखहरू दुरुस्त राख्ने, राख्न लगाउने र सोको संरक्षण गर्ने, गराउने ।

(घ) संस्थाको सम्पूर्ण चल, अचल सम्पत्तिको संरक्षण र रेखदेख सम्बन्धी कार्य गर्ने, गराउने ।

(ङ) महासंघको कार्यमा संलग्न व्यक्तिहरूको क्रियाकलापको सुपरीवेक्षण गर्ने र आवश्यक राय तथा सुझाव कार्य समितिसमक्ष पेश गर्ने ।

(च) कार्य समिति, महासभा र विशेष महासभाको बैठकमा छलफल गरिने विषय सहितको सूचना जारी गरी बैठक बोलाउने ।

(छ) कार्य समिति वा महासभाको बैठकमा उपस्थित पदाधिकारी तथा सदस्य र आमन्त्रित महानुभावहरूको निर्णय पुस्तिकामा दस्तखत गराई बैठकका निर्णयहरू लिपिबद्ध गरी प्रमाणित गर्ने, गराउने ।

(ज) कार्य समितिको काम, कर्तव्य र अधिकार अनुसार कार्य सम्पादन गर्ने, गराउने ।

(झ) महासंघको विभिन्न कार्य सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारीको दरवन्दी सृजना गर्ने, नियमानुसार नियुक्ति गर्ने र पदस्थापना गर्ने तथा निजहरूबाट हुने क्रियाकलापहरूका सम्बन्धमा आवश्यक निरीक्षण, समन्वय गर्ने, गराउने ।

(ञ) कार्य समितिबाट पारित निर्णयहरूको अभिलेख राख्ने, राख्न लगाउने र कार्यान्वयन गर्ने ।

(ट) संस्थाको वार्षिक प्रगति प्रतिवेदन र भावी कार्यक्रम तयार गरी कार्य समितिसमक्ष पेश गर्ने र कार्य समितिको तर्फबाट महासभामा पेश गर्ने ।

**(५) कोषाध्यक्षः**

कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) महासंघको सम्पूर्ण चल अचल, जिन्सी, नगद आदि सम्पत्तिहरूको हरहिसाव दुरुस्त राख्ने र तिनको संरक्षण, स्याहार-संभार, मरमत आदिको उचित तथा आवश्यक कार्यहरू गर्ने, गराउने ।

(ख) महासंघको कोषको रेखदेख र त्यसको लेखा प्रचलित कानून बमोजिम दुरुस्त राख्न लगाउने र त्यसलाई सुरक्षित राख्ने प्रवन्ध गर्ने ।

(ग) बैंक खाता सञ्चालन गर्ने कार्यमा अनिवार्यरूपले सहभागी हुने ।

(घ) महासभाले नियुक्त गरेको लेखापरीक्षक मार्फत् महासंघको वार्षिक आयव्ययको लेखापरीक्षण गराई सोको प्रतिवेदन महासभामा पेश गर्ने ।

(ङ) वार्षिक आर्थिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन र आगामी आर्थिक वर्षको लागि आय-व्यय समेतको अनुमानित बजेट तर्जुमा गरी कार्य समितिको तर्फबाट महासभामा स्वीकृतिको लागि पेश गर्ने ।

(च) अध्यक्षद्वारा महासंघको काम कारवाहीको सम्बन्धमा विधान बमोजिम दिएको निर्देशन पालन गर्ने ।

(ज) संस्थाको आर्थिक व्यवस्थापनको वस्तुस्थितिको नियमित अनुगमन तथा मूल्यांकन गर्ने र त्यसको प्रतिवेदन कार्य समितिमा पेश गर्ने ।

**(६) सचिवः**

सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने ।

(ख) महासचिवलाई नियमित कार्य सम्पादन गर्न सघाउने ।

(ग) कार्य समिति तथा महासचिवले तोकेको थप जिम्मेवारी पूरा गर्ने ।

**(७) सदस्यः**

सदस्यहरूको काम, कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछ :–

(क) कार्य समितिको बैठकमा सहभागी हुने र छलफलमा भाग लिने ।

(ख) कार्य समितिको बैठकबाट प्राप्त निर्णय, निर्देशन र जिम्मेवारी पूरा गर्ने ।

(ग) अध्यक्षबाट तोकिएको जिम्मेवारी पूरा गर्ने ।

(घ) संस्थाको उद्देश्य प्राप्तिको लागि सक्रिय रहने ।

(ङ) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

**१७. कार्य व्यवस्था समिति**

कार्य व्यवस्था समितिको गठन विधि र काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्य व्यवस्था समितिमा कार्य समितिका अध्यक्ष, महासचिव, कोषाध्यक्ष र सदस्यहरु मध्येबाट कार्य समितिको निर्णयले मनोनीत गरेको २ जना सदस्यसहित जम्मा ५ जना रहनेछन् ।

(ख) कार्य व्यवस्था समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि सोही समितिले तोके बमोजिम हुनेछ ।

(ग) कार्य व्यवस्था समितिले संस्थाको दैनिक कार्य सञ्चालन गर्नेछ र सो समितिले नीतिगत निर्णय गरेमा कार्य समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(घ) कार्य व्यवस्था समितिबाट भए गरेका कार्यहरूको जानकारी कार्य समितिलाई गराउनु पर्नेछ ।

## परिच्छेद-६
## आर्थिक व्यवस्था

**१८. महासंघको आयस्रोत**

महासंघको कोषमा देहायका श्रोतहरुबाट आय प्राप्त हुनेछ :-

(क) सदस्यता तथा नवीकरण शु:ल्क ।

(ख) नेपाल सरकार र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरूबाट प्राप्त अनुदान, उपहार, सहयोग आदिको रकम ।

तर विदेशी संघ संस्थाबाट वैदेशिक सहयोग लिनु पूर्व समाज कल्याण परिषद्को पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ग) महासंघबाट सञ्चालित कार्यक्रमहरूबाट प्राप्त हुने सेवा बापतको रकम ।

(घ) कसैले स्वेच्छाले दिएको अनुदान, सहायता, चन्दा, पुरस्कार, दानदातव्य वापत प्राप्त रकम ।

(ङ) बैंकमा सञ्चित रकमबाट प्राप्त हुने ब्याज ।

(च) जिल्ला संघले आ-आफ्ना जिल्लामा सदस्यता प्रदान गर्दा उठेको सदस्यता शु:ल्क र सदस्यता नवीकरण बापतको शु:ल्कको १० प्रतिशतले हुन आउने रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम ।

(छ) संस्थाको चल अचल सम्पत्ति वा अन्य बस्तुको बिक्रीबाट प्राप्त रकम ।

(ज) संस्थाले लिएको ऋण बापतको रकम ।

(झ) संस्थाले गरेको लगानीबाट प्राप्त रकम, बैंक ब्याज तथा ज्ञान दक्षताको प्रयोग बापत प्राप्त हुने रकम ।

(ञ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम ।

(ट) संस्थाका प्रकाशनहरू, सूचना, स्रोतकेन्द्र र अन्य रचनात्मक सामग्रीहरूको बिक्री वितरण र प्रयोगबाट प्राप्त रकम ।

(ठ) अन्य कुनै रकम ।

**१९. <u>महासंघको कोष व्यवस्थापन</u>**

(१) महासंघको नाममा प्राप्त रकम कार्य समितिको निर्णयमा कुनै स्थानीय बैंक वा कुनै वित्तीय संस्थामा जम्मा गरी बैंक खाता सञ्चालन गरिनेछ ।

(२) विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नेपाल सरकारको सम्बन्धित निकायहरूबाट स्वीकृति लिनु पर्नेछ । सो प्रयोजनका लागि छुट्टाछुट्टै बैंक खाता खोल्न सकिनेछ । कार्य समितिले उक्त खाता सञ्चालन गर्ने अख्तियारी आवश्यकता अनुसार कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) महासंघको हिसाव किताब लेखाको प्रचलित मान्यता अनुसार दोहोरो स्रेस्ता प्रणालीको आधारमा राखिनेछ ।

(४) महासंघको आर्थिक व्यवस्थापन यसै विधान अन्तर्गत बन्ने आर्थिक विनियमावली बमोजिम हुनेछ । सो विनियमावली नबनेसम्म महासंघको आर्थिक व्यवस्थापन कार्य समितिले तोकेको कार्यविधि बमोजिम हुनेछ ।

(५) कोषाध्यक्ष संस्थाको कोष व्यवस्थापनको लागि जिम्मेवार हुनेछ र अन्तिम जवाफदेही कार्य समिति मार्फत् अध्यक्षमा रहनेछ ।

(६) कार्य समितिले संस्थाको आय-व्यय, चल, अचल सम्पत्तिको विवरण रितपूर्वकको ढाँचामा पारदर्शी तरिकाले राख्न वा राख्न लगाउनु पर्नेछ ।

(७) कोषाध्यक्षले आर्थिक वर्ष पूरा भएको ३ महिनाभित्र लेखापरीक्षण गराई सक्नु पर्नेछ ।

(८) संस्थाले कार्य सम्पादन सम्बन्धी पारदर्शीताको नीति र पद्धती विकास गरी कार्यान्वयनमा ल्याउनेछ ।

(९) संस्थाले आफ्नो प्रयोजनका लागि चल, अचल सम्पत्ति जायजेथाहरू खरिद गर्न, प्रयोग गर्न तथा बिक्री वितरण वा हक हस्तान्तरण गर्न सक्नेछ ।

(१०) संस्थाले दाताले प्रदान गरेको वा इच्छाएको रकमबाट छुट्टै कल्याण कोषको स्थापना गरी सो कोषबाट पुरस्कार तथा सम्मान प्रदान गर्ने, विभिन्न कल्याणकारी कार्य गर्ने लगायतको व्यवस्था गर्नेछ । सो कोष सञ्चालनका लागि संस्थाले छुट्टै विनियमावली बनाउन सक्नेछ । सो विनियमावली नबनेसम्म उक्त कोषको सञ्चालन कार्य समितिले तोकेको कार्यविधि बमोजिम हुनेछ ।

## २०. कोषको सञ्चालन

संस्थाको कोषको सञ्चालन देहाय बमोजिम गरिनेछ :-

(१) संस्थाको बैंक खाता अध्यक्ष वा महासचिव मध्ये एक जना र कोषाध्यक्ष अनिवार्य गरी दुई जनाको संयुक्त हस्ताक्षरबाट सञ्चालन गरिनेछ । कार्यक्रमको सञ्चालन तथा बैंक खाता सञ्चालनको लागि सहयोगी संस्था सँगको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) आय-व्यय सहितको लेखा संस्थाका सदस्यहरूको निरीक्षणको लागि खुला राखिनेछ ।

# परिच्छेद -७

# विविध

## २१. जिल्ला संघहरू महासंघ अन्तर्गत रहने

(१) आफ्नै विधानद्वारा विधिसम्मतरुपमा स्थापना भएका जिल्ला संघहरु महासंघको क्षेत्राधिकार अन्तर्गत रहनेछन् ।

(२) संघहरूले महासंघद्वारा जारी नीति, नियम र निर्देशन अनिवार्यरूपमा पालन गर्नु पर्नेछ ।

## २२. निर्वाचन सम्बन्धी व्यवस्था

(१) संस्थाको कार्य समितिको निर्वाचन विधान अनुसार गोप्य मतदान प्रक्रियाबाट हुनेछ ।

(२) केन्द्रीय कार्य समितिले निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृत सहित बढीमा ३ जनाको निर्वाचन समिति गठन गर्नेछ । यो निर्वाचन समिति स्वतन्त्र हुनेछ । यसरी निर्वाचन समितिको गठन गर्दा निर्वाचन हुने मिति र स्थान समेत कार्य समितिले तोक्नेछ र निर्वाचन समितिमा रहेका व्यक्ति उम्मेद्वार हुन पाउने छैन ।

(३) निर्वाचन समितिले प्रचलित कानूनको परिधिभित्र रहेर निर्वाचन प्रक्रिया र कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

(४) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा सो विवादको टुङ्गो निर्वाचन समितिले नै लगाउनेछ र सो समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(५) निर्वाचनको सबै प्रक्रिया पूरा भएपछि निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

(६) संस्थाको कार्य समितिको पदाधिकारी तथा सदस्यको निर्वाचनमा उम्मेद्वारी दिने व्यक्तिले कार्य समितिले तोके बमोजिमको उम्मेद्वारी शु:ल्क अनिवार्य रूपमा बुझाउनु पर्नेछ ।

## २३. निर्वाचनको लागि बन्देज

(१) देहायका व्यक्तिलाई देहायको कार्यको लागि बन्देज गरिएको छ :-

(क) जिल्ला संघका प्रतिनिधिले कार्य समितिको सदस्य पदको उम्मेद्वार हुनको लागि कम्तीमा एक पटक महासभामा भाग लिएको हुनु पर्नेछ ।

(ख) अध्यक्ष पदको उम्मेद्वार हुनका लागि कार्य समितिको पदाधिकारी वा सदस्य भई कार्य गरेको हुनु पर्नेछ ।

(ग) संस्थामा कार्यरत कर्मचारीले मतदानमा भाग लिन र उम्मेद्वार हुन पाउने छैन ।

(घ) कार्य समितिको कुनैपनि पदको उम्मेद्वार हुनको लागि कम्तीमा २५ वर्ष उमेर पूरा गरेको हुनु पर्नेछ ।

तर अध्यक्षले कार्य समितिका सदस्यहरूको परामर्श लिई मनोनयन गर्ने सदस्यहरूको हकमा उमेरको हदलाग्ने छैन ।

(२) संस्थाको पहिलो निर्वाचनमा उपदफा (१) को खण्ड (क) र (ख) को बन्देज लागू हुने छैन ।

## २४. शपथ लिनुपर्ने

पदभार सम्हाल्नु भन्दा अगाडि कार्य समितिका निर्वाचित अध्यक्षले निवर्तमान अध्यक्षसमक्ष र अन्य पदाधिकारी तथा सदस्यहरूले अध्यक्षसमक्ष अनुसूची-४ बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ ।

## २५. पद त्याग गर्न सक्ने

अध्यक्षले बरीष्ठ उपाध्यक्ष मार्फत् कार्य समितिसमक्ष र बरीष्ठ उपाध्यक्ष, अन्य पदाधिकारी तथा कार्य समितिका सदस्यहरुले अध्यक्षसमक्ष लिखितरुपमा राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

## २६. पुरष्कृत गर्न सक्ने

(१) रियल ईस्टेट (घरजग्गा) को व्यवसायिक कार्य गर्ने संस्था तथा व्यक्तिको हक हित संरक्षण र सम्बर्द्धनमा पुऱ्याएको योगदानको कदरस्वरुप उत्कृष्ट ठहरिएका महासंघका सदस्यहरुलाई कार्य समितिले पुरस्कृत गर्न सक्नेछ ।

(२) महासंघका सदस्यहरुले गरेको कार्यको मूल्यांकन गरी पुरस्कृत गर्ने प्रयोजनार्थ सिफारिश गर्नका लागि कार्य समितिले कुनै पदाधिकारीको संयोजकत्वमा दुई जना सदस्य समेत गरी ३ सदस्यीय उप-समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित उप-समितिले आफ्नो सिफारिश सहितको प्रतिवेदन कार्य समितिले तोकेको समयभित्र सो समितिमा पेश गर्नु पर्नेछ । यसरी पेश भएको प्रतिवेदनको आधारमा कार्य समितिको निर्णय अनुसार पुरष्कृत हुने सदस्यलाई महासभाको अधिवेशनमा पुरष्कृत गरिनेछ ।

## २७. कारवाही हुने

(१) जिल्ला संघ वा सो संघ अन्तर्गतको कार्य समितिका पदाधिकारी वा सदस्यले विधान बमोजिम कार्य नगरेमा वा सो संघ वा महासंघको चल-अचल सम्पत्ति हिनामिना गरेमा त्यस्तो संघ वा व्यक्तिलाई केन्द्रीय कार्य समितिले उपयुक्त ठानेको कारवाही गर्न सक्नेछ ।

(२) उपदफा (१) मा उल्लेख भएका विषयमा उजुर पर्न आएमा वा कुनै तरिकाले संस्थालाई जानकारी भएमा कार्य समितिबाट तीन जनाको छानविन उप-समिति गठन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित उप-समितिले उजुरी पर्न आएको विषयमा छानविन गरी कार्य समितिमा लिखित प्रतिवेदन पेश गर्नु पर्नेछ । त्यसरी पेश भएको प्रतिवेदनको आधारमा कार्य समितिले सम्बन्धित संघ वा व्यक्तिलाई सात दिनभित्र स्पष्टीकरण पेश गर्न आदेश दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम स्पष्टिकरण पेश भएमा वा तोकिएको अवधि नाघेमा निर्णयका लागि महासभामा पेश गरिनेछ । महासभाले दोषी ठहर गरेमा त्यस्तो संघ वा सम्बन्धित व्यक्तिको सदस्यता समाप्त हुनेछ र त्यस्तो सम्बन्धित संघको कार्य सञ्चालनका लागि महासभाले तदर्थ समिति गठन गर्नेछ ।

## २८. आचरण पालन गर्नुपर्ने

संघ तथा महासंघका सम्बन्धित पदाधिकारी एवं सदस्यहरूले देहाय बमोजिमको आचारण पालन गर्नु पर्नेछ :-

(१) संस्थामा संलग्न रहेर आफ्नो व्यक्तिगत फाईदा र स्वार्थ पूर्ति गर्नेतर्फ क्रियाशील हुनु हुँदैन ।

(२) संस्थाको गोपनीयता भङ्ग गरी कुनै पनि पदाधिकारी, सदस्य एवं संस्थामा कार्यरत कर्मचारी माथि आरोप लगाउनु पूर्व लिखितरूपमा कार्य समितिमा निवेदन दिनु पर्नेछ ।

(३) संस्थाका पदाधिकारी एवं सदस्यहरूलाई कुनै विषयका सम्बन्धमा शंका निवारण गर्नु पर्छ भन्ने लागेमा सम्बन्धित व्यक्ति वा संस्थाका अध्यक्षसँग छलफल गरी त्यस्तो शंका निवारण गर्ने प्रयास गर्नु पर्नेछ । यी प्रक्रिया नअपनाई सार्वजनिकरूपमा कुनै माध्यमबाट प्रचार प्रसार गर्न पाईने छैन ।

(४) संस्थाको मर्म, लक्ष्य र उद्देश्य विपरीतको क्रियाकलापमा संलग्न हुनु हुँदैन ।

(५) संस्थाको प्रतिनिधित्व गर्दै, कुनै पनि सभा, सम्मेलन तथा बैठकमा भाग लिन एक भन्दा बढी व्यक्ति जाँदा आफ्नो पद भन्दा माथिका व्यक्तिले सम्बोधन गरिसकेको अवस्थामा अन्य प्रतिनिधिहरूले बोल्न चाहेमा मर्यादामा रही विषयलाई प्रष्ट खुलाई टोली प्रमुखको अनुमति लिई मात्र बोल्न पाइनेछ ।

(६) यस दफामा उल्लिखित आचरणलाई पालन नगरेमा त्यस्तो पदाधिकारी एवं सदस्यहरूसँग अध्यक्षले लिखित स्पष्टीकरण माग्न सक्नेछ । उक्त स्पष्टीकरण चित्त बुझ्दो नभएमा कार्य समितिमा पेश गरी निजलाई पदबाट तत्काल निलम्बन गरी निष्कासनका लागि महासभा वा विशेष महासभामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

महासभा वा विशेष महासभाले निर्णय गरे पश्चात् त्यस्तो व्यक्ति आफ्नो पदबाट निष्कासित हुनेछ ।

## २९. अविश्वासको प्रस्ताव

(१) कार्य समितिका कुनै पदाधिकारी वा सदस्यको विरुद्धमा कूल सदस्य संख्याको एक चौथाई सदस्यहरूले हस्ताक्षर गरी कारण, आधार तथा प्रमाण सहितको अविश्वासको प्रस्ताव सचिवालयमा दर्ता गराउन सक्नेछन् । यस्तो प्रस्ताव कार्य समितिले वार्षिक महासभामा निर्णयको लागि पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव शिष्ट भाषाको प्रयोग गरी व्यक्तिगत आक्षेप नलगाई खास मुद्दालाई स्पष्टसँग उल्लेख गरी लेखिएको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको विषय स्पष्टरूपमा खुलाई महासभा वा विशेष महासभामा पेश गर्नु पर्नेछ । त्यस्तो प्रस्तावका सम्बन्धमा छलफल गर्न महासभा बस्ने स्थान, मिति र समय समेत तोकी महासभाका सम्पूर्ण सदस्यहरूलाई कार्य समितिले जानकारी गराउनु पर्नेछ ।

(४) महासभामा अध्यक्षता गर्ने व्यक्तिले उपदफा (१) बमोजिम प्रस्ताव पेस गर्न अनुमति दिनेछ र प्रस्ताव पेस गर्ने सभासद्हरू मध्ये एक जनाले अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारण सहितको आफ्नो अभिमत महासभासमक्ष प्रस्तुत गर्नेछ ।

(५) उपदफा (१) बमोजिमको अविश्वासको प्रस्तावका पक्षमा रहेका सभासद्हरूले आफ्नो अभिमत प्रस्तुत गरे पछि सो प्रस्तावउपर मत प्रकट गर्न चाहने अन्य सभासद्हरूलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिनेछ ।

(६) उपदफा (१) बमोजिमको अविश्वासको प्रस्ताव जुन पदाधिकारी विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले उक्त पदाधिकारीलाई आफ्नो सफाई पेस गर्ने अनुमति दिनेछ ।

(७) अविश्वासको प्रस्ताव उपर अभिमत प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको पक्ष वा विपक्षमा निर्णयका लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावउपर भएको निर्णयको घोषणा गर्नु पर्नेछ ।

(क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्टयाएर, वा

(ख) महासभाका सदस्यहरूलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

(८) महासभामा उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ र जसको विरुद्ध अविस्वासको प्रस्ताव पारित भएको हो सो व्यक्ति पदमुक्त हुनेछ ।

(९) कार्य समितिको निर्वाचन भएको छ महिना नपुगी वा कुनै व्यक्ति विरुद्ध अविश्वास प्रस्ताव विफल भएको छ महिनासम्म पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

(१०) संस्थाको अध्यक्षउपर अविश्वासको प्रस्ताव पेश भएमा संस्थाको बरिष्ठ उपाध्यक्षले महासभाको अध्यक्षता गर्नेछ । अन्यको हकमा अध्यक्षले नै महासभाको अध्यक्षता गर्नेछ ।

## ३०. विधान संशोधन

(१) विधान संसोधन गर्न चाहने सदस्यले त्यसको पुष्ट्याँई सहित संशोधन मस्यौदाको प्रस्ताव महासभा हुने मितिले पन्ध्र दिन अगावै प्राप्त हुने गरी अध्यक्षमार्फत् कार्य समितिमा पेश गर्नु पर्नेछ । विधान संसोधनको प्रस्तावउपर छलफल हुँदा कार्य समितिले सो बमोजिम संशोधन गर्न मनासिव ठानेको संशोधन मस्यौदा महासभा वा विशेष महासभामा पेश गर्नेछ । यस्तो अवस्थामा वार्षिक महासभा बोलाउने म्याद तीन महिना मात्र बाँकी भए वार्षिक महासभा नै बोलाइनेछ ।

(२) महासभामा उपस्थित सदस्यहरूको २/३ (दुई तिहाई) मतले विधान संशोधन पारित हुनेछ । यस्तो संशोधित विधान स्थानीय अधिकारीको स्वीकृति पछि लागू हुनेछ ।

## ३१. सल्लाहकार समिति

कार्य समितिले विधानको उद्देश्य प्राप्तिका निम्ति राय सुझाव लिनका लागि महासंघका पूर्व अध्यक्षको सभापतित्वमा महासंघका पूर्व पदाधिकारीहरु मध्येबाट बढीमा पाँच जना सदस्यहरु रहने गरी एक सल्लाहकार समिति गठन गर्न सक्नेछ । सल्लाहकार समितिका सभापतिलाई कार्य समितिको बैठकमा विशेष आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गरिनेछ ।

## ३२. संस्थाको विघटन

(१) संस्थाको काम कारवाही यस विधान बमोजिम सञ्चालन हुन नसक्ने भएमा वा अन्य कुनै कारणवश संस्था विघटन गर्नुपर्ने भएमा सो प्रयोजनको निमित्त महासभा वा विशेष महासभामा पेश भएको प्रस्ताव २/३ (दुई तिहाई) मतले पारित भएमा संस्था विघटन भएको मानिनेछ ।

(२) उप-दफा (१) बमोजिम विघटन गर्ने प्रस्ताव पारित भएमा संस्थाको सबै चल अचल सम्पत्ति नेपाल सरकारमा सर्नेछ ।

## ३३. बाधा अड्काउ फुकाउने अधिकार

संस्थाको विधानमा उल्लिखित उद्देश्य प्राप्तिका लागि विधानको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार संस्थाको कार्य समितिलाई हुनेछ ।

## ३४. नियम तथा विनियम बनाउने अधिकार

यस विधानको उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले आवश्यकता अनुसार नियम, विनियम तथा निर्देशिका बनाउन सक्नेछ ।

## ३५. अधिकार प्रत्यायोजन

(१) महासभा, कार्य समिति वा कुनै पदाधिकारीले यस विधान बमोजिम आफूलाई प्राप्त अधिकार कार्य समिति, कुनै पदाधिकारी, सदस्य, समिति वा उप-समितिलाइ प्रत्यायोजन गर्न सक्नेछ । तर यस्तो प्रत्यायोजित अधिकारलाई पुनः प्रत्यायोजन गर्न पाइने छैन ।

(२) यस विधानको कुनै प्रावधान सम्बन्धमा द्विविधा उत्पन्न भएमा त्यसको व्याख्या गर्ने अधिकार संस्थाको कार्य समतिलाई हुनेछ र कार्य समितिले गरेको व्याख्या आधिकारिक मानिनेछ ।

**३६. प्रचलित कानून बमोजिम हुने**

यस विधानमा उल्लेख भएजति कुराहरू यसै विधान बमोजिम हुनेछ र यस विधानका प्रावधानहरु संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वत: निष्कृय भई प्रचलित कानून बमोजिम हुनेछ ।

**३७. निर्देशन पालना गर्नुपर्ने**

नेपाल सरकारका स्थानीय अधिकारीले समय-समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

**३८. संक्रमणकालीन व्यवस्था**

नेपाल सरकारको सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट महासंघको विधान स्वीकृत भई संस्थाको विधिवत दर्ता भएपछि महासंघ कार्य समितिको निर्वाचन नभएसम्मको अवधिको लागि अनुसूची-५ मा उल्लिखित नेपाल जग्गा तथा आवास विकास महासंघ तदर्थ कार्य समितिले संस्थाको तर्फबाट यस विधान बमोजिम कार्य समितिको सम्पूर्ण अधिकार प्रयोग गरी कार्य सञ्चालन गर्नेछ ।

**३९. तदर्थ कार्य समिति** : हामी नेपाल जग्गा तथा आवास विकास महासंघ तदर्थ कार्य समितिका निम्न पदाधिकारी तथा सदस्यहरुको मिति २०७८ चैत्र २० गते काठमाडौंमा सम्पन्न भेलाले महासंघको यस विधानलाई अनुमोदन गरेको सही सत्य हो र यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहीछाप गर्दछौं ।

| **तदर्थ कार्य समितिको पदाधिकारी तथा सदस्यहरुको नाम, थर, ठेगाना र सहिछाप** | **साक्षीको नाम, थर , ठेगाना र सहिछाप** |
|---|---|
| (१) नाम : श्री मीनमान श्रेष्ठ<br>पद : अध्यक्ष<br>दस्तखत :<br>ठेगाना : भैंसेपाटी, ललितपुर<br><br>दा. बा. | नाम : श्री पदमबहादुर पुरी<br>दस्तखत :<br>ठेगाना : विर्तामोड ५, झापा<br><br>दा. बा. |
| (२) नाम : श्री राजकुमार राई<br>पद : उपाध्यक्ष<br>दस्तखत :<br>ठेगाना : विर्तामोड ५, झापा<br><br>दा. बा. | नाम : श्री राधादेवी श्रेष्ठ<br>दस्तखत :<br>ठेगाना : मेची न.पा. १०, झापा<br><br>दा. बा. |

| | |
|---|---|
| (३) नाम : श्री विष्णु प्रसाद घिमिरे (ध्रुव)<br>पद : महासचिव<br>दस्तखत :<br>ठेगाना : हेटौंडा ७, मकवानपुर<br><br>दा. बा. | नाम : श्री कर्ण रायमाझी<br>दस्तखत :<br>ठेगाना : दुलारी ८, मोरङ्ग<br><br>दा. बा. |
| (४) नाम : श्री अरुण स्तोम त्रिपाठी<br>पद : कोषाध्यक्ष<br>दस्तखत :<br>ठेगाना : हेम्जा ७, कास्की<br><br>दा. बा. | नाम : श्री रबिन बहादुर खत्री क्षेत्री<br>दस्तखत :<br>ठेगाना : पोखरा १४, कास्की<br><br>दा. बा. |
| (५) नाम : श्री घनश्याम पोखरेल<br>पद : सदस्य<br>दस्तखत :<br>ठेगाना : विराटनगर ४, मोरङ्ग<br><br>दा. बा. | नाम : श्री राजकुमार न्यौपाने<br>दस्तखत :<br>ठेगाना : लालबन्दी ७, सर्लाही<br><br>दा. बा. |
| (६) नाम : श्री दशरथ पौडेल<br>पद : सदस्य<br>दस्तखत :<br>ठेगाना : तिलोत्तमा ७, रुपन्देही<br><br>दा. बा. | नाम : श्री राजन पाण्डे<br>दस्तखत :<br>ठेगाना : तिलोत्तमा १, रुपन्देही<br><br>दा. बा. |
| (७) नाम : श्री पुरुषोत्तम पौड्याल<br>पद : सदस्य<br>दस्तखत :<br>ठेगाना : महाराजगंज ४, काठमाडौं<br><br>दा. बा. | नाम : श्री दिपेन्द्र अधिकारी<br>दस्तखत :<br>ठेगाना : लालबन्दी ७, सर्लाही<br><br>दा. बा. |
| (८) नाम : श्री बाबुराम अधिकारी<br>पद : सदस्य<br>दस्तखत :<br>ठेगाना : भरतपुर म.न.पा.७<br><br>दा. बा. | नाम : श्री तुलसीप्रसाद अधिकारी<br>दस्तखत :<br>ठेगाना : का.म.पा. ४, काठमाडौं<br><br>दा. बा. |
| (९) नाम : श्री राजकुमार न्यौपाने<br>पद : सदस्य<br>दस्तखत :<br>ठेगाना : लालबन्दी ७, सर्लाही<br><br>दा. बा. | नाम : श्री कमलराज मैनाली<br>दस्तखत :<br>ठेगाना : हेटौंडा ४, मकवानपुर<br><br>दा. बा. |

## अनुसूची-१

[दफा २ को उपदफा (१) सँग सम्बन्धित]

**संस्थाको चिन्ह तथा छाप**

गोलो निलो किनाराभित्रको माथिल्लो भागमा "नेपाल जग्गा तथा आवास विकास महासंघ-२०७९" लेखिएको र सो मुनिको रातो पृष्ठभूमिमा रहेको भवनहरुको चित्रको साथमा नेपाल राज्यको नक्साभित्र पूर्वदेखि पश्चिम सिमाना सम्मको सेतो रङ्गको हिमाल, पहेँलो रङ्गको पहाड र हरियो रङ्गको तराई क्षेत्रको लम्बाकार भूभाग देखिने देहाय बमोजिमको चित्र संस्थाको चिन्ह तथा छाप हुनेछ ।

## अनुसूची-२

[दफा ३ को खण्ड (झ) सँग सम्बन्धित]

**संस्थापक सदस्यहरु**

| क.सं. | संस्थापक सदस्यको नाम | सम्बन्धित संघको तर्फबाट तोकिएका प्रतिनिधिहरु |
|---|---|---|
| १. | गण्डकी जग्गा तथा आवास विकास व्यवसायी संघ, कास्की | (१) श्री अरुण स्तोम त्रिपाठी - संयोजक<br>(२) श्री घनश्याम शर्मा - सदस्य<br>(३) श्री रविन बहादुर खत्री क्षेत्री- सदस्य |
| २. | घर जग्गा व्यवसायी संघ, रुपन्देही | (१) श्री दशरथ पौडेल - संयोजक<br>(२) श्री बिष्णु प्रसाद भुसाल - सदस्य<br>(३) श्री बसन्त बहादुर थापा - सदस्य |
| ३. | नेपाल घर जग्गा व्यवसायी संघ, मोरङ्ग | (१) श्री घनश्याम पोखरेल - संयोजक<br>(२) श्री कर्ण रायमाझी - सदस्य<br>(३) श्री नवराज पोखरेल - सदस्य |
| ४. | नेपाल जग्गा तथा आवास विकास संघ, काठमाडौं | (१) श्री मीनमान श्रेष्ठ - संयोजक<br>(२) श्री पुरुषोत्तम पौड्याल - सदस्य<br>(३) श्री रोशन भोयद्यो - सदस्य |
| ६. | प्रोपर्टी डिलर्स एशोसियशन अफ नेपाल, झापा | (१) श्री राजकुमार राई - संयोजक<br>(२) श्री  राधादेवी श्रेष्ठ - सदस्य<br>(३) श्री पदमबहादुर पुरी - सदस्य |

| | | |
|---|---|---|
| ७. | सर्लाही घरजग्गा व्यवसायी संघ, लालबन्दी, सर्लाही | (१) श्री साकार शर्मा - संयोजक<br>(२) श्री  राजकुमार न्यौपाने - सदस्य<br>(३) श्री दिपेन्द्र अधिकारी - सदस्य |
| ८. | नारायणी जग्गा तथा आवास व्यवसायी संघ, चितवन | (१) श्री बाबुराम अधिकारी - संयोजक<br>(२) श्री भरतराज खनाल - सदस्य<br>(३) श्री शिवप्रसाद तिवारी - सदस्य |

## अनुसूची-३

[दफा ७ को खण्ड (ग) र (घ) सँग सम्बन्धित]

## वस्तुगत आजीवन तथा साधारण सदस्यहरूको नामावली

### (१) वस्तुगत आजीवन सदस्यहरूको नामावली

| क्र.सं. | नाम | कम्पनी | ठेगाना |
|---|---|---|---|
| १. | श्री इच्छा राज तामाङ | सिभिल होम्स प्रा.लि. | सोल्टिमोड, काठमाडौं |
| २. | श्री प्रकाश आचार्य | होमल्याण्ड हाउजिङ प्रा. लि. | सुन्धारा, काठमाडौं |
| ३. | श्री त्रिरत्न महर्जन | महर्जन विल्डर्स प्रा. लि. | टेकु, काठमाडौं |
| ४. | श्री कालु गुरुङ्ग | रोडशो रियलस्टेट प्रा. लि. | सुन्धारा, काठमाडौं |
| ५. | श्री दिलविकास राजभण्डारी | होमल्याण्ड एण्ड कम्पनी लि. | सुन्धारा, काठमाडौं |
| ६. | श्री लालकाजी गुरुङ्ग | माछापुच्छ्रे स्टेट्स लि. | सुन्धारा, काठमाडा |
| ७. | श्री भेषराज लोहनी | वागमती प्रोपर्टी डिलर्स प्रा. लि. | कोटेश्वर, काठमाडौं |
| ८. | श्री विपिन चित्रकार | हाउजिङ्ग एण्ड डेभलपमेन्ट प्रा. लि. | त्रिपुरेश्वर, काठमाडौं |
| ९. | श्री ओम राजभण्डारी | द कम्फर्ट हाउजिङ्ग प्रा.लि. | लाजिम्पाट, काठमाडौं |
| १०. | श्री मीनमान श्रेष्ठ | डाउनटाउन हाउजिङ्ग कं. प्रा. लि. | जावलाखेल, ललितपुर |
| ११. | श्री इच्छा बहादुर वाग्ले | प्रोपर्टी डिलर्स प्रा. लि. | नयाँबानेश्वर, काठमाडौं |
| १२. | श्री राजेन्द्र शाक्य | गुण विल्डर्स एण्ड डेभलपर्स प्रा.लि. | मीनभवन, काठमाडौं |
| १३. | श्री सुमित कुमार अग्रवाल | सनराइज डेभलपर्स प्रा. लि. | धोविघाट, ललितपुर |
| १४. | श्री विदुर धमला | एस. वि. कम्पनी प्रा.लि. | स्वयम्भू, काठमाडौं |
| १५. | श्री दिपक कुँवर | सि. डि. डेभलपर्स प्रा.लि. | त्रिपुरेश्वर, काठमाडौं |
| १६. | श्री तुलसीप्रसाद अधिकारी | अधिकारी विल्डर्स प्रा.लि. | धुम्बाराही, काठमाडौं |
| १७. | श्री लक्ष्मीप्रसाद प्रसाईं | लक्ष्मी श्री ईन्भेष्टमेन्ट प्रा. लि. | सिफल -७, काठमाडौं |
| १८. | श्री टंक बहादुर श्रेष्ठ | यूरो हाउजिङ्ग प्रा. लि. | ठमेल, काठमाडौं |
| १९. | श्री माधव राज थापा | बेञ्चमार्क हाउजिङ्ग प्रा. लि. | बालाजु, काठमाडौं |
| २०. | श्री विष्णु प्रसाद पोखरेल | मेलम्ची आवास कं. प्रा.लि. | बालाजु, काठमाडा |
| २१. | श्री रामकाजी कोने | पवित्रा डेभलपर्स प्रा.लि. | गोगंबु, काठमाडौं |
| २२. | श्री बहादुर कृष्ण ताम्राकार | लभ्ली आवास कं. प्रा.लि. | भक्तपुर |
| २३. | श्री अरुण कुमार चौधरी | सि. जि. प्रोपर्टीज प्रा. लि. | भमिसखेल, ललितपुर |
| २४. | श्री सिंह बहादुर कर्माचार्य | कर्माचार्य आवास कं. प्रा.लि. | कुलेश्वर, काठमाडौं |
| २५. | श्री थम बहादुर छन्त्याल | धौलागिरी डेभलपर्स प्रा.लि. | गोगंबु, काठमाडौं |
| २६. | श्री ज्ञान बहादुर खड्का | निर्जना आवास कं.लि. | चावहिल, काठमाडौं |
| २७. | श्री मनोज भेटवाल | जलेश्वर हाउजिङ प्रा. लि. | अनामनगर, काठमाडौं |
| २८. | श्री पूर्णिमा राजभण्डारी | बृहत इनभेष्टमेण्ट प्रा.लि | सितापाईला, काठमाडौं |
| २९. | श्री बुद्धिनारायण श्रेष्ठ | भूमिचित्र कम्पनी प्रा. लि. | बागबजार, काठमाडौं |
| ३०. | श्री मनोज पुन | प्रिन्सभिजन रियलस्टेट एण्ड विल्डर्स प्रा.लि. | सुन्धारा, काठमाडौ. |
| ३१. | श्री ईच्छाराज तामाङ | सिभिल सेभिङ एण्ड क्रेडिट को.सो.लि. | सोल्टिमोड, काठमाडौं |
| ३२. | श्री ईच्छाराज तामाङ | सिभिल इन्टरनेशनल कन्सल्ट्याण्ट प्रा.लि | सोल्टिमोड, काठमाडौं |
| ३३. | श्री ईच्छाराज तामाङ | सिभिल ग्रुप प्रा. लि. | सोल्टिमोड, काठमाडौं |

| | | | |
|---|---|---|---|
| ३४. | श्री ईच्छाराज तामाङ | सिभिल मर्चेन्ट ईन्भेष्टमेन्ट कं. प्रा.लि | सोल्टिमोड, काठमाडौं |
| ३५. | श्री ईच्छाराज तामाङ | कोट्से भैरब हाउजिङ्ग एण्ड डेभलपर्स प्रा. लि. | सोल्टिमोड, काठमाडौं |
| ३६. | श्री ईच्छाराज तामाङ | सिटी बस्ती विकास कं. प्रा. लि. | सोल्टिमोड, काठमाडौं |
| ३७. | श्री ईच्छाराज तामाङ | सिभिल विजनेश कम्प्लेक्स | सोल्टिमोड, काठमाडौं |
| ३८. | श्री ईच्छाराज तामाङ | सिभिल स्टेट्स प्रा. लि. | सोल्टिमोड, काठमाडौं |
| ३९. | श्री श्रीराम डंगोल | स्विटहोम हाउजिङ्ग प्रा. लि. | टेकु, काठमाडौं |
| ४०. | श्री वन्दी निमा शेर्पा | सगरमाथा ल्याण्ड डेभलपर | महाराजगंज, काठमाडौं |
| ४१. | श्री हर्क बहादुर तामाङ | मिला ल्याण्ड डेभलपर्स प्रा. लि. | बौद्ध-६, काठमाडौं |
| ४२. | श्री कृष्ण प्रसाद ज्ञवाली | युनियन हाउजिङ्ग एण्ड रियलस्टेट कं. प्रा.लि. | सुन्धारा, काठमाडौं |
| ४३. | श्री मोहन लाल शेरचन | दरवार हाउजिङ्ग प्रा.लि | सतुगंग, काठमाडौं |
| ४४. | श्री रवि रावल | रिभान्सु हाउजिङ्ग प्रा.लि. | कलंकी, काठमाडौं |
| ४५. | श्री सुशिल बाबु श्रेष्ठ | शिवाको कन्स्ट्रक्सन प्रा.लि. | बबरमहल, काठमाडौं |
| ४६. | श्री इनद्र राज हुमागाईं | सिटि होम्स प्रा.लि. | बानेश्वर, काठमाडौं |
| ४७. | श्री भक्त बहादुर अधिकारी | पाथीभरा हाउजिङ्ग एण्ड प्रोपर्टी डिलर्स | बालाजु, काठमाडौं |
| ४८. | श्री कृष्ण बहादुर थापा | भद्रकाली हाउजिङ्ग प्रा. लि. | चावहिल, काठमाडौं |
| ४९. | श्री रामभक्त लामा | टासी डेलेक आवास कं. | महाराजगंज, काठमाडौं |
| ५०. | श्री रामसुन्दर बके | ए टु जेड डेभलपर्स एण्ड सर्भिसेज प्रा.लि. | कटुन्जे, भक्तपुर |
| ५१. | श्री सुधिर बस्नेत | ओरियन्टल विल्डर्स एण्ड डेभलपर्स प्रा. लि. | शान्तिनगर, काठमाडौं |
| ५२. | श्री सुरज नारायण जोशी | भ्याली होम्स् प्रा.लि. | लगनखेल, ललितपुर |
| ५३. | श्री पुरुषोत्तम पौड्याल | कन्टिनेन्टल डेभलपर्स प्रा. लि. | तिनकुने, काठमाडौं |
| ५४. | श्री मीनमान श्रेष्ठ | घरघडेरी डट कम | त्रिपुरेश्वर, काठमाडौं |
| ५५. | श्री रमेशचन्द्र दाहाल | ए टु जेड डेभलपर्स प्रा. लि. | थापाथली, काठमाडौं |
| ५६. | श्री त्रिमीर महर्जन | एम.सी. बिल्डर्स प्रा.लि. | टेकु, काठमाडौं |
| ५७. | श्री विजय बहादुर राजभण्डारी | सी. एम. डेभलपर्स प्रा. लि. | त्रिपुरेश्वर, काठमाडौं |
| ५८. | श्री विजय बहादुर राजभण्डारी | सि. ई. कन्स्ट्रक्शन प्रा. लि. | त्रिपुरेश्वर, काठमाडौं |
| ५९. | श्री अशोक श्रेष्ठ | आकारा डेभलपर्स प्रा. लि. | सुन्धारा, काठमाडौं |
| ६०. | श्री सरोज मण्डल | माईलस्टोन डेभलपमेन्ट प्रा.लि. | कलंकी, काठमाडौं |
| ६१. | श्री भगवान प्रसाद श्रेष्ठ | ल्याण्डमार्क डेभलपर्स प्रा. लि. | ज्योतिभवन, काठमाडौं |
| ६२. | श्री राकेश अडुकिया | ड्रिम्स् क्यापिटल लि. | त्रिपुरेश्वर, काठमाडौं |
| ६३. | श्री राकेश अडुकिया | शुभम ईन्भेष्टमेन्ट प्रा. लि. | त्रिपुरेश्वर, काठमाडौं |
| ६४. | श्री ईन्द्र बहादुर थापा | कालिकादेवी प्रोपर्टी डिलर्स प्रा. लि. | चावहिल, काठमाडौं |
| ६५. | श्री हरिकुमार श्रेष्ठ | हेवेन्स भिलेज प्रा. लि. | धुम्बाराही, काठमाडौं |
| ६६. | श्री गोविन्द लोहनी | निलगिरी हाउजिङ्ग एण्ड डेभलप्मेन्ट प्रा. लि. | कोटेश्वर, काठमाडौं |
| ६७. | श्री सहदेव कक्षपती | कक्षपती डेभलपर्स प्रा. लि. | काठमाडौं |
| ६८. | श्री प्रकाश बज्राचार्य | साँग्रिला हाउजिङ्ग प्रा. लि. | दरबारमार्ग, काठमाडौं |
| ६९. | श्री रेशम बहादुर पाखिन | साकुरा रियल ईस्टेट सर्भिसेज प्रा.लि. | लगनखेल, ललितपुर |
| ७०. | श्री आशिष गर्ग | क्लिन डेभलपर्स प्रा. लि. | नक्साल, काठमाडौं |
| ७१. | श्री रोहित प्रसाई | पाथिभरा आवास कं. प्रा. लि. | इटहरी, सुनसरी |
| ७२. | श्री श्यामकुमार खेतान | लाईफस्टाइल हाउजिङ्ग प्रा. लि. | टेकु, काठमाडौं |

| | | | |
|---|---|---|---|
| ७३. | श्री तेजबहादुर लिम्बु | मेन्छ्याम प्रोपर्टी डिलर्स | ललितपुर १४ |
| ७४. | श्री मचाकाजी महर्जन | महर्जन ल्याण्ड डेभलपर्स प्रा.लि. | डिल्लीबजार, काठमाडौं |
| ७५. | श्री हरि न्यौपाने | अम्बे हाउजिङ्ग एण्ड डेभलपर्स प्रा. लि. | काठमाडौं २३ |
| ७६. | श्री नवराज दाहाल | विनायक प्रोपर्टी डिलर्स प्रा.लि. | गोठाटार, काठमाडौं |
| ७७. | श्री रमेश प्रसाद रिजाल | ग्रिनसिटी डेभलपमेन्ट प्रा. लि. | हात्तिसार, काठमाडौं |
| ७८. | श्री दुर्गाबहादुर श्रेष्ठ | मोनालिसा ईन्भेष्टमेन्ट प्रा. लि. | महाबौद्ध, काठमाडौं |
| ७९. | श्री निश्चल बहादुर श्रेष्ठ | शिवम डेभलपर्स प्रा.लि. | टेकु, काठमाडौं |
| ८०. | श्री दीपक मलहोत्रा | आई.एम.एस. डेभलपर्स प्रा.लि. | कमलादी, काठमाडौं |
| ८१. | श्री ईच्छाराज तामाङ | सिभिल इनफ्रास्ट्रक्चर डेभलपर्स प्रा. लि. | सोल्टिमोड, काठमाडौं |
| ८२. | श्री ईच्छाराज तामाङ | सिभिल अपार्टमेन्ट प्रा. लि. | सोल्टिमोड, काठमाडौं |
| ८३. | श्री लवराम दाहाल | सौर्य प्रोपर्टी डिलर्स एण्ड ईन्भेष्टमेन्ट कं. प्रा.लि. | कागेश्वरी मनोहरा |
| ८४. | श्री ठाकुरप्रसाद भट्टराई | संजिवनी डेभलपर्स कं. प्रा. लि. | काठमाडौं ११, थापाथली |
| ८५. | श्री रामकिशन गौतम | ग्रिन हिल सिटी प्रा. लि. | काठमाडौं ११, थापाथली |
| ८६. | श्री भेषराज लोहनी | प्रोपर्टी बैंक नेपाल प्रा. लि. | काठमाडौं ११, थापाथली |
| ८७. | श्री भेषराज लोहनी | मैत्रेय रियल ईस्टेट प्रा. लि. | काठमाडौं ११, थापाथली |
| ८८. | श्री बलबहादुर खड्का | शुभ लक्षण ईन्टरप्राइजेज प्रा.लि. | स्यूचाटार, काठमाडौं |
| ८९. | श्री दिपक महर्जन | श्री सासा डेभेलपर्स प्रा.लि. | वाफल, काठमाडौं |
| ९०. | श्री मीनमान श्रेष्ठ | हेरीटेज होम स्टे प्रा.लि. | जवलाखेल, ललितपुर |
| ९१. | श्री मीनमान श्रेष्ठ | सिटी स्केप डेभलपर्स प्रा.लि. | जवलाखेल, ललितपुर |

**(२) साधारण सदस्यहरूको नामावली**

| | | | |
|---|---|---|---|
| १. | श्री दिपक खनाल | यशोदा डेभलपर्स प्रा. लि. | बानेश्वर, काठमाडौं |
| २. | श्री रोशन भयोद्यो | ईस्टेट गुरु प्रा. लि. | भक्तपुर १६ |
| ३. | श्री सोबन श्रेष्ठ | बरुण डेभलपर्स प्रा. लि. | कोटेश्वर, काठमाडौं |
| ४. | श्री बरुण कुमार आचार्य | प्रिथक रियल ईस्टेट प्रा. लि. | नागार्जन न.पा. ३, काठ |
| ५. | श्री दीपक कुँवर | मखमली हाउजिङ्ग एण्ड डेभलपमेन्ट प्रा. लि. | धापासी, काठमाडौं |
| ६. | श्री दीपक कुँवर | महादेव हाउजिङ्ग एण्ड डेभलपमेन्ट प्रा. लि. | धापासी, काठमाडौं |
| ७. | श्री उद्धवकुमार के.सी. | उत्सव उपमा डेभलपर्स प्रा. लि. | काठमाडौं ५, हाडीगाउँ |
| ८. | श्री गणेशकुमार अग्रवाल | माउण्ट भ्यू डेभलपर्स प्रा.लि. | भैंसेपाटी, ललितपुर |
| ९. | श्री डेकेन्द्रकुमार श्रेष्ठ | हार्मोनि कोलोनी प्रा.लि. | नख्खु डोबाटो, ललितपुर |

## _अनुसूची-४
(दफा २४ सँग सम्बन्धित)

**शपथ**

म ..................................सत्य र निष्ठापूवर्क आत्मा साक्षी राखी प्रतिज्ञा गर्दै यो सपथ लिन्छुकी, नेपाल जग्गा तथा आवास विकास महासंघको विधान, २०७८ प्रति पूर्णरुपमा वफादार रही ....................पदको कामकाज महासंघको विधान र देशको संविधान, ऐन, नियमको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई ईमान्दारी तथा कर्तव्य निष्ठताका साथ मन, वचन र कर्मले काम गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरँहदा, जुनसुकै अवस्थामा पनि महासंघको विधानको पालना गर्दा, बाहेक अरु अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा सङ्केत गर्ने छैन ।

दस्तखत :

नाम : ........................................................

ठेगाना : ......................................................

मिति : ........................................................

शपथ ग्रहण गरेको ठीक हो भनी प्रमाणित गर्नेको-

दस्तखत :

नाम : ........................................................

पद : ......................................................

मिति : ...............

## अनुसूची-५

[दफा ३८ सँग सम्बन्धित]

**नेपाल जग्गा तथा आवास विकास महासंघ तदर्थ समितिका पदाधिकारी तथा सदस्यहरुः**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री मीनमान श्रेष्ठ | अध्यक्ष | |
| २. | श्री राजकुमार राई | उपाध्यक्ष | |
| ३. | श्री विष्णुप्रसाद घिमिरे (ध्रुव) | महासचिव | |
| ४. | श्री अरुण स्तोम त्रिपाठी | कोषाध्यक्ष | |
| ५. | श्री घनश्याम पोखरेल | सदस्य | |
| ६. | श्री दशरथ पौडेल | सदस्य | |
| ७. | श्री पुरुषोत्तम पौड्याल | सदस्य | |
| ८. | श्री बाबुराम अधिकारी | सदस्य | |
| ९. | श्री राजकुमार न्यौपाने | सदस्य | |